# कक्षा सातको परिमार्जित नेपाली पाठ्यपुस्तक २०७१ को प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन

मानबहादुर खड्का
परीक्षा क्रमाङ्क : २१४०३२६/०६६
त्रि.वि. दर्ता नं. : १२७४०-८८
शैक्षिक वर्ष : २०६४/०६५

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा
अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको
नेपा.शि. (५९८) पाठ्यांशको
प्रयोजनार्थप्रस्तुत

**शोधपत्र**

**२०७३/2017**

सुकुना बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षणसमिति
कोसीहरैँचा, मोरङ

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत **कक्षा सातको परिमार्जित नेपाली पाठ्यपुस्तक २०७१ को प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन**शीर्षकको शोधपत्र मानबहादुर खड्काले मेरो निर्देशनमा रही मिहिनेतका साथ तयार पार्नुभएकोले यस शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्य मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

...................................

प्रेमप्रसाद भट्टराई

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षण समिति

कोसीहरैँचा, मोरङ

मिति : २०७३/११/०५

# घोषणा पत्र / प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षाविभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत **कक्षा सातको परिमार्जित नेपाली पाठ्यपुस्तक २०७१ को प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन**शीर्षकको शोधपत्र ग्रन्थ, प्रबन्ध वा प्रतिवेदन अर्को प्रयोजनका लागि कहीँ कतै पेस नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

.................................

मानबहादुर खड्का

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण समिति

मिति : २०७३/११/०२

# कृतज्ञता ज्ञापन

प्रस्तुत 'कक्षा सातको परिमार्जित नेपाली पाठ्यपुस्तक २०७१ को प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकको अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली शिक्षा विभाग अन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको छ ।

वस्तुतः शोध कुनै वस्तुमा गरिने गहन खोज, अध्ययन र अनुसन्धान हो । गहन भन्नाले गहिरो, गम्भीर, रहस्यमय र कतिपय अवस्थामा दुर्बोध्य र जटिल पनि हो । अतः शोध आफैमा कठिन र ओजस्वी कार्य हो । यसका लागि पर्याप्त समय, उचित सामग्री र एकाग्र मन हुनु पूर्वसर्त हुन् । आफ्नो दैनिकी र माथिका यी सर्तलाई सम्भव भएसम्म समायोजन गर्दै यो शोध कार्य सम्पन्न गरिएको छ ।

उपर्युक्त शीर्षकको शोध प्रस्ताव स्वीकृत गरी शोधका लागि अवसर प्रदान गर्ने सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग र यसका विभागीय प्रमुख श्री अमृतप्रसाद आचार्यप्रति कृतज्ञता ज्ञापन गर्दछु । आफ्नो अमूल्य समय प्रदान गरेर समुचित निर्देशन एवम् उत्साहपूर्ण प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक श्री प्रेमप्रसाद भट्टराईप्रति विशेष ऋणी छु । यो शोधपत्र तयार गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने शिक्षकहरूश्री गेहेन्द्र खनाल, श्री मेघनारायण श्रेष्ठ, श्री भोजराज घिमिरे र श्री दीपक न्यौपानेप्रति धन्यवाद प्रकट गर्न चाहन्छु ।

यसैगरी शोधकार्य गर्न थप हौसला प्रदान गर्नु हुने सहकर्मीसाथीहरू भरतमणि कार्की र विष्णुलाल पोखरेललाई विशेष स्मरण गर्न चाहन्छु । क्षेत्रीय विधिअन्तर्गत कक्षा सातका नेपाली विषयको नमुना शब्दभण्डार परीक्षा लिन सहयोग पुऱ्याउने परिशिष्टमा उल्लिखित विद्यालयहरू, सम्बन्धित गुरुजनहरू एवम् सहभागी विद्यार्थीहरू मेरा निम्ति धन्य हुनुहुन्छ । यस कार्यमा प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सहकर्मी र मेरो सिङ्गो परिवारप्रति आभार प्रकट गर्दछु । अन्त्यमा अत्यन्त व्यस्तताका बाबजुद शोधपत्रलाई कम्प्युटर टाइपिङ गरी उच्च सहयोग पुऱ्याउनु हुने टिना कम्प्युटर, खोर्साने, मोरङका यज्ञमणि निरौलाप्रति अनुगृहीत छु ।

शोधार्थी

२०७३ फागुन मानबहादुर खड्का

# शोधसार

प्रस्तुत शोधकार्यको शीर्षक “कक्षा सातको परिमार्जित पाठ्यपुस्तक २०७१को प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन” रहेको छ । यस शोधकार्यको उद्देश्य कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकको प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दहरूको पहिचान गर्नु, तिनीहरूको स्रोत पत्ता लगाउनु, पदवर्ग र बनोट प्रक्रिया छुट्टयाउनु र प्रयुक्त शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्नु समेत रहेको छ ।

यस शोधकार्यको परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्यहरू, अनुसन्धानात्मक प्रश्नहरू, अध्ययनको महत्त्व, अध्ययनको परिसीमा रहेका छन् । परिच्छेद दुई अन्तर्गत  सम्बन्धित साहित्यको पुनरवलोकन, अध्ययनका लागि पुनरवलोकनको उपादेयता, सैद्धान्तिक/अवधारणात्मक ढाँचाको बारेमा उल्लेख गरिएको छ । यसैगरी परिच्छेद तीनमा अध्ययनको ढाँचा र विधि, जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति, अध्ययनको क्षेत्र, तथ्याङ्क सङ्कलनको साधन र तरिका, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कको व्याख्या र विश्लेषण रहेका छन् । परिच्छेद चारमा कक्षा सातको परिमार्जित नेपाली पाठ्यपुस्तक २०७१ को प्रबन्ध र जीवनी विधामा प्रयुक्त २६८३ शब्दहरूको स्रोत, बनोट, पदवर्ग र आवृत्तिका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । परिच्छेद पाँचमा अध्ययनबाट प्राप्त नतिजाबाट निष्कर्ष निकालिएको र सोका आधारमा नीति निर्माण, अभ्यास र अनुसन्धान तहका लागि सुझाव समेत प्रस्तुत गरिएको छ ।

कक्षा सातको चालु नेपाली पाठ्यपुस्तकअन्तर्गत प्रबन्धका चार र जीवनी विधाका तीन ओटा पाठमा प्रयुक्त शब्दभण्डारको अध्ययन गरिएको यस शोधकार्यमा कक्षा सातमा शब्दार्थ र वाक्यमा प्रयोगको साँच्चिकै सिर्जनात्मक उत्तर आउनु पर्ने प्रश्नलाई अध्ययन अध्यापनको क्रममा बल दिइनु पर्ने निष्कर्ष  निकालिएको छ । अध्ययनबाट ‘ऊर्जा’ ३३ पटक, ‘हुन्छ’ ३४ पटक र संयोजक ‘र’ २७ पटक सम्म एउटै पाठमा आवृत्ति भएको पाइएको छ । समग्रमा कक्षा सातको स्तरसापेक्ष शब्दहरू नै रहे पनि क्षेत्रीय विधिअन्तर्गत दक्षिण पूर्वी मोरङका ६ ओटा विद्यालयका भूगोल, जात, पूर्व क्षमता र लिङ्ग मिलाएर छनोट गरिएका विद्यार्थीहरूबीच लिइएको परीक्षाबाट ‘तरेली’ जस्ता शब्दहरूको वाक्यमा प्रयोगको स्थितिमा निकै कमजोरी भेटिन गयो भने निपात ‘त’ लाई सर्वनाम ‘तँ’ को आशयमा वाक्यमा प्रयोग गरिएको त्रुटिसमेत फेला पऱ्यो ।

प्राप्त निष्कर्षबमोजिम नीति निर्माता, अभ्यास र अनुसन्धान तहलाई शोधकर्ताको तर्फबाट सुझाव दिने क्रममा शिक्षक र विद्यार्थी दुबैका तर्फबाट कठिन ठानिएका शब्दहरूको पाठ्यपुस्तक मै अर्थ दिइनु पर्ने, अर्थ खुल्ने गरी शब्द र शब्द समूहको वाक्यमा प्रयोगको अभ्यासलाई सिक्ने र सिकाउने दुवै तर्फबाट सघन बनाइनु पर्ने र सम्बन्धित तह र कक्षाको पाठ्यक्रमअनुसारका शब्दभण्डारको अध्ययन गरिनु पर्ने लगायतका पक्षहरू क्रमशः समावेश गरिएको छ ।

# विषयसूची


प्रतिबद्धता ख

सिफारिस पत्र ग

स्वीकृति पत्र घ

शोधसार ङ

कृतज्ञता छ

विषयसूची ज

## परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्यहरू २

१.४ अनुसन्धानात्मक प्रश्नहरू ३

१.५ अध्ययनको महत्त्व ३

१.६ अध्ययनको परिसीमा ४

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन ५

२.२ सम्बन्धित साहित्यको पुनरवलोकन ६

२.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता १४

२.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा १५

## परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

३.१ अध्ययनको ढाँचा र विधि १६

३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति १६

३.३ अध्ययनको क्षेत्र १६

३.३.१ शब्द वर्गीकरणका आधार १७

३.३.२ शब्दको आवृत्ति क्रम २१

३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका २२

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २२

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया २२

## परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण

४.१ कक्षा ७ को वर्तमान नेपाली पाठ्यपुस्तको प्रबन्ध विधामा
प्रयुक्त शब्दभण्डारको पाठगत सङ्कलन र अध्ययन २३
४.१.१ साँस्कृतिक एकताको पर्वः छठ प्रबन्धमा प्रयुक्त शब्दहरू २३
४.१.२ प्रकृतिको सुन्दर स्थलः खप्तड प्रबन्धमा प्रयुक्त शब्दहरू ३७
४.१.३ म सौर्य ऊर्जा हुँ प्रबन्धमा प्रयुक्त शब्दहरू ४८
४.१.४ नेपालको धार्मिक वास्तुकला प्रबन्धमा प्रयुक्त शब्दहरू ६०
४.२ कक्षा सातको वर्तमान नेपाली पाठ्यपुस्तकको जीवनी विधामा
प्रयुक्त शब्दभण्डारको पाठगत सङ्कलन र अध्ययन ७१
४.२.१ साहित्यकार झमक ७१
४.२.२ अलेक्जेन्डर फ्लेमिङ ८९
४.२.३ आबाल ब्रह्मचारी षडानन्द १०४
४.३ कक्षा सातको प्रबन्ध र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको व्याख्या र विश्लेषण ११७
४.३.१ प्रबन्ध विधामा प्रयुक्त शब्दभण्डारको व्याख्या र विश्लेषण ११७
४.३.२ जीवनी विधामा प्रयुक्त शब्दभण्डारको व्याख्या र विश्लेषण १२०

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष १२२
५.२ सुझाबहरू १२४
५.२.१ नीतिगत तहका लागि १२४
५.२.२ अभ्यास तहका लागि १२४
५.२.३ अनुसन्धान तहका लागि १२५
परिशिष्टहरू
सन्दर्भ सामग्री सूची